नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लि.

NEPAL SHARE MARKET'S & FINANCE LTD.

(नेपाल राष्ट्र बैंकबाट "ग" बर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

# INDIVIDUAL KYC FORM
## (व्यक्तिगत ग्राहक पहिचान फारम)

Present Passport size Photograph
हालसालै खिचेको पासपोर्ट साईज फोटो

Date (मिति): ...........................

Account Holder's Details:(खातावालाको विवरण)

Full Name (Mr./Ms/Mrs......) (In English Capital Letter)

पुरा नाम देवनागरीमा (श्री/सुश्री/श्रीमती.......)

Date of Birth (DD/MM/YYYY): A.D.

जन्म मिति (गते/महिना/वर्ष): वि.सं.

Gender (लिङ्ग): ☐ Male (पुरुष) ☐ Female (महिला) ☐ Other (specify) (अन्य, उल्लेख गर्नुहोस्) ..............................

Religion (धर्म): ☐ Hindu (हिन्दु) ☐ Buddhist (बौद्ध) ☐ Muslim (मुस्लिम) ☐ Other (specify) (अन्य, उल्लेख गर्नुहोस्) ..............................

Marital Status (बैवाहिक अवस्था): ☐ Single (अविवाहित) ☐ Married (विवाहित) ☐ Other (specify) (अन्य, उल्लेख गर्नुहोस्) ..................

Nationality (राष्ट्रियता): ☐ Nepali (नेपाली) ☐ Other (specify) (अन्य, उल्लेख गर्नुहोस्) ..............................

Passport if obatin (राहदानी लिएको भए):

Number(नम्बर):.............................. Issued from (district) (जारी जिल्ला) .............................. Issued Date (जारी मिति):......................

Citizenship/Identification (नागरिकता/परिचयपत्र): Issued by (जारी गर्ने निकाय):..............................

Number (नम्बर):.........................Issued from (district) (जारी जिल्ला):.............................. Issued Date (जारी मिति):......................

| Address (ठेगाना) | Permanent Address (स्थायी ठेगाना) | Correspondence Address (सम्पर्क ठेगाना): |
|---|---|---|
| P.O.Box No. (पो.ब.नं.) | | |
| House No. (घर नं.): | | |
| Street (मार्ग): | | |
| Ward No. (वडा नं.): | | |
| Tole (टोल): | | |
| G.P./VDC/ Municipality (गांउपालिका/गा.वि.स./न.पा.): | | |
| District (जिल्ला): | | |
| Province No. (प्रदेश नं.): | | |
| Country (देश): | | |
| Telephone No. (Resident) (निवासको फोन नं.): | | |
| Telephone No. (Office) (कार्यालयको फोन नं.): | | |
| Mobile No. (मोबाइल नं.): | | |
| Fax No. (फ्याक्स नं.): | | |
| E-mail (ईमेल): | | |

..............................................................

Authorised signature (आधिकारिक हस्ताक्षर)

Details of Undivided Family Members (एकाघरका परिवारका सदस्यहरूको विवरण):

| S.N. (क्र.सं.) | Relationship (नाता) | Name (नाम, थर) | Citizenship No. (नागरिकता नं.) | Issued from (जारी जिल्ला) | Issued date (जारी मिति) | Remarks (कैफियत) |
|---|---|---|---|---|---|---|
| 1 | Spouse (पति/पत्नी) | | | | | |
| 2 | Father (बाबु) | | | | | |
| 3 | Mother (आमा) | | | | | |
| 4 | Grandfather (बाजे) | | | | | |
| 5 | Grandmother (हजुरआमा) | | | | | |
| 6 | Son (छोरा) | | | | | |
| 7 | Daughter (छोरी) | | | | | |
| 8 | Daughter in law *(Son's Wife)* बुहारी (छोराको श्रीमती) | | | | | |
| 9 | Father in law *(In case of married woman)* ससुरा-(विवाहित महिलाको हकमा) | | | | | |

Other information (अन्य विवरण):

a. Occupation (पेशा):

☐ Student (विद्यार्थी) ☐ Self employed (स्वरोजगार) ☐ Salaried person (रोजगार) ☐ Other *(specify)* (अन्य, उल्लेख गर्नुहोस्)...............

Details of associated organization (सम्वद्ध संस्थाको विवरण):

| Name of organization (संस्थाको नाम) | Address ठेगाना | Position पद | Expected yearly Income/Remuneration अनुमानित बार्षिक आम्दानी/पारिश्रमिक | Remarks (कैफियत) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

*Note: Please provide separate list, If you are involved in more than 3 organizations*
(तीन वटा भन्दा बढी संस्थामा संलग्न भए छुट्टै विवरण पेश गर्नुहोला ।)

b. Expected Annual Turnover in the account (खातामा बार्षिक कारोवार हुने अनुमानित रकम रू): ...............

c. PAN Registration (स्थायी लेखा नम्बर): ☐ Yes (छ) ☐ No (छैन)

If yes, PAN Registration Number (स्थायी लेखा नम्बर भएमा भर्नुहोस्): | | | | | | | | | |

d. Residential Statue (आवासीय स्थिति):

☐ Resident (आवासीय) ☐ Non Resident (गैर आवासीय)

In case of non Resident (गैर आवासीय भएमा):

Date of becoming NRN (गैर आवासीय भएको मिति):............ Country (देश): ............

NRN Identification No. (गैर आवासीय परिचयपत्र नं.):...............

Local Contact Person (स्थानीय सम्पर्क ब्यक्ति): ...............

Local Contact Person's address (स्थानीय सम्पर्क व्यक्तिको ठेगाना):...............

Local Contact Person's telephone number (स्थानीय सम्पर्क व्यक्तिको टेलिफोन नं.):............ Relationship (नाता):............

Contact Person's E-mail (स्थानीय सम्पर्क व्यक्तिको ईमेल): ...............

e. Please provide following details of your relatives having high profile and involved in politics, bureacracy or other high level of position in the verious area or taken retirement from the same.
राजनीति, सरकारी सेवा अन्य उच्च पदस्थ दर्जामा कार्यरत वा सो सेवाबाट निवृत भएका तपाईंको नजिकका नातेदारहरू (भएमा) को वारेमा निम्न विवरण उपलब्ध गराइदिनु होला :

| Name (नाम) | Involved area (सम्वद्ध क्षेत्र) | Position (पद) | Existing/retired (बहालवाला/निवृत) | Relation (नाता) | Remarks (कैफियत) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

f. Please porvide following details of your account maintained in this Institution. तपाईंको यस संस्थामा रहेको खाताहरूको वारेमा निम्न विवरण उपलब्ध गराइदिनु होला :

| Account Type (खाताको प्रकार) | Account Number (खाता नम्बर) | Branch (शाखा) | Remarks (कैफियत) |
|---|---|---|---|
| | | | |
| | | | |



...............
Authorised signature (आधिकारिक हस्ताक्षर)

g. Do you have deposit/loan accounts with other Financial Institutions? के तपाईंको अन्य वित्तीय संस्थामा निक्षेप तथा कर्जा खाता छ ?

☐ Yes (छ) ☐ No (छैन)

If yes, Name of Institutions where major deposit, loan transactions: (छ भने, मुख्य निक्षेप तथा कर्जा कारोवार गर्ने वित्तीय संस्थाको नाम गर्नुहोस्।)

( ) Financial Institution Name (वित्तीय संस्थाको नाम)........................................ Account No. (खाता नं.) ..............................

( ) Financial Institution Name (वित्तीय संस्थाको नाम)........................................ Account No. (खाता नं.) ..............................

( ) .............................................. Facility (प्रयोग गरेको सुविधा) .............................. Loan Limit (कर्जा सीमा) ..............................

( ) .............................................. Facility (प्रयोग गरेको सुविधा) .............................. Loan Limit (कर्जा सीमा) ..............................

h. Residence (वासस्थान प्रकार):

☐ In own house (आफ्नै घरमा) ☐ On rent (भाडामा) ☐ Other specify (अन्य, उल्लेख गर्नुहोस्) ..........................................

If on rent (भाडामा बस्ने भए):

Name of House owner (घर धनीको नाम): ..............................................................................................

Address (ठेगाना): ..............................................................................................................................

Telephone Number (टेलिफोन नं.): .......................................................................................................

i. Location Map of Account Holder's Residence (ग्राहकको वर्तमान वासस्थानको नक्सा)

N (उ)

j. Decleration (स्वघोषणा)

I/We hereby declare that all the information and documents provided here are correct. I/we have read & understood the terms & conditions governing customer account at Nepal Share Markets & Finance Limited and hereby notify my/our acceptance and agree to abide by & be bound by all present & future terms and condition including change in interest rate, governing customer account at Best Finance Company Limited. I/we fail to comply with or to abide by such terms & contitions and shall there be any damage incurred to the Institution or its customer or third party as a consequence there of, I/we agree & indemnify the Institution fully & I/we shall be fully responsible.

म/हामी यो घोषणा गर्दछु/गर्दछौं कि, यहां उपलब्ध गराइएका सूचना तथा कागजातहरू सत्य सांचो हुन् । म/हामी संस्थाको खाता संचालन सम्बन्धी शर्त तथा नियमहरू पढि बाँची हाल भएका र पछि परिवर्तन हुने ब्याजदर परिवर्तन सहितका शर्त तथा नियमहरू पालना गर्न स्वीकार गर्दछु/गर्दछौं । सो नियमहरू पालना नगरी उल्लंघन गरेमा र सो कारणले संस्थाका ग्राहक वा तेस्रो पक्षलाई कुनै नोक्सान पुग्न गएमा म/हामी पूर्ण जिम्मेवार हुंदै रहंदै क्षतिपूर्ति गर्न समेत मंजुर गर्दछु/गर्दछौं ।

..................................................

Authorised signature
(आधिकारिक हस्ताक्षर)

For Institution use only (संस्था प्रयोजनको लागि मात्र)

| Received By (प्राप्त गर्ने) | Verified By (रूजु गर्ने) | Approved By (स्वीकृत गर्ने) |
|---|---|---|
| Name (नाम): ........................ | Name (नाम): ........................ | Name (नाम): ........................ |
| Designation (पद): ........................ | Designation (पद): ........................ | Designation (पद): ........................ |
| Signature (हस्ताक्षर): ........................ | Signature (हस्ताक्षर): ........................ | Signature (हस्ताक्षर): ........................ |
| Date (मिति): ........................ | Date (मिति): ........................ | Date (मिति): ........................ |

# नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लि.को ग्राहकहरुको खाता संचालन सम्बन्धी नियम तथा शर्त बन्देजहरु
# (Terms and Conditions Governing Customer Account at Nepal Share Markets & Finance Ltd.)

१. खाताको न्युनतम मौज्दात परिवर्तन गर्ने अधिकार संस्थालाई रहनेछ । खाताको प्रकृति हेरी संस्थाले समय-समयमा तोके अनुसारको न्यूनतम मौज्दात खातामा कायम राखेको हुनुपर्नेछ । यदि खातामा संस्थाले तोकेको न्यूनतम मौज्दात भन्दा कम रकम भएमा संस्थाले सो खातामा ब्याज नदिन वा चेक भुक्तानी नगर्न वा खाता बन्द गर्न सक्नेछ ।

२. संस्थाले समय समयमा तोकिएको रकम भन्दा बढि रकम भुक्तानी लिनको लागि खातावालाले अग्रिम सूचना दिनु पर्ने व्यवस्था गर्न सक्नेछ ।

३. मुद्धती निक्षेपको खाता खोल्दाकै समयमा मुद्धती निक्षेप रसिद प्रदान गरिनेछ । मुद्धती निक्षेपको भाखा पुगे पछि उक्त मुद्दती निक्षेप रसिद संस्थामा पेश गर्नु पर्नेछ । भाखा नपुगी कुनै पनि मुद्धती निक्षेपको भुक्तानी हुने छैन । निक्षेपकर्ताको अनुरोधमा भुक्तानी अवधि अगाडिनै मुद्धती निक्षेपको भुक्तानी गर्न संस्थाले मञ्जुर गरेमा संस्थाको नियमानुसार शुल्क लाग्ने छ । मुद्धती निक्षेपको भुक्तानी अवधि पछि भुक्तानी नलिएमा सो अवधिको कुनै ब्याज प्रदान गरिने छैन ।

४. खातामा प्रदान गरिने ब्याज खाताको किसिम अनुसार दैनिक मौज्दातमा हिसाब गरिनेछ र त्रैमासिक रूपमा भुक्तानी गरिनेछ । मुद्धती निक्षेपको ब्याज खाता खोल्दाको समयमा तय भए अनुसार त्रैमासिक वा अर्धवार्षिक वा वार्षिक वा भाखा समाप्तिमा प्रदान गरिनेछ । बचत, कल तथा मुद्धती निक्षेपको ब्याज हिसाब गर्दा ३६५ दिनको १ वर्ष कायम गरी हिसाब गरिनेछ र त्यस्तो ब्याजमा प्रचलित नियमानुसारको कर कट्टी गरिनेछ ।

५. खाताको स्टेटमेण्ट खातावाला आफैंले वा खातावालाले आधिकारीक रूपमा अख्तियारी प्रदान गरी पठाइएको व्यक्तिले त्रैमास समाप्त भएको १५ दिन भित्र लिई सक्नुपर्नेछ । स्टेटमेण्ट माग गरिएको समयमा कुनै कारोवार भएको रहेनछ भने सो समयको स्टेटमेण्ट प्रदान गरिने छैन । स्टेटमेण्टमा कुनै कैफियत पाइएमा ग्राहकले अर्को १५ दिन भित्र संस्थालाई लिखित सूचना दिइसक्नु पर्नेछ । अन्यथा, स्टेटमेण्टमा भएको कारोबारमा ग्राहकको स्वीकृति भएको मानिनेछ ।

६. ग्राहकको लिखित अनुरोधमा संस्थाले व्यालेन्स सर्टिफिकेट जारी गर्न सक्नेछ । यसरी खातावालाको अनुरोधमा जारी गरेको स्टेटमेण्ट वा व्यालेन्स सर्टिफिकेट सम्बन्धि थप सूचना लेखापरिक्षक र/वा दुतावास जस्ता तेस्रो पक्षले माग गरेमा संस्थाले सम्बन्धित खातावालालाई खबर गरी वा नगरी थप सूचना प्रदान गर्न सक्नेछ र यसरी प्रदान गरिएको विवरण र सूचनाको लागि ग्राहकको पूर्ण सहमति भएको मानिनेछ । स्टेटमेण्टको प्रतिलिपि माग गरिएमा प्रत्येक प्रतिलिपि स्टेटमण्टको लागि संस्थाले आफ्नो नियमानुसार तोकिएको शुल्क लगाउन सक्नेछ । संस्थाले ग्राहकको खातामा भएको डेविट क्रेडिटको अभिलेख ठीकसँग भए नभएको वारेमा ध्यान दिनेछ । कुनै त्रुटी भएको पाएमा कुनै पनि सयममा त्यस्तो त्रुटी सच्चाउने अधिकार संस्थालाई हुनेछ ।

७. खाता खोलि सके पछि तोकिएको समय भित्र ग्राहकलाई चेक बुक प्रदान गरिनेछ । ग्राहकले तेस्रो व्यक्ति मार्फत पनि चेक बुक पाउनको लागि लिखित अनुरोध गर्न सक्नेछन् । तर त्यस्तो अनुरोध गर्दा चेक बुझी लिनको लागि त्यस्तो तेस्रो व्यक्तिको पहिचान हुने परिचय पत्रको प्रतिलिपि र दस्तखत प्रमाणित भएको हुनु पर्नेछ । ग्राहकले आफ्नो चेकको सुरक्षा आफै गर्नुपर्ने छ । चेक बुक बुझिलिंदा चेक पाना गन्ति गरेर लिनु पर्नेछ । चेक बुक वा चेक बुकको कुनै पाना हराएको खण्डमा गलत व्यक्तिले भुक्तानी लिई हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न खातावालाले तुरून्त संस्थामा लिखित रूपमा जानकारी गराउनु पर्नेछ । यस्तो चेकबाट भुक्तानी भइ सकेको रहेछ भने संस्था त्यस प्रति जवाफदेही हुने छैन । खातावालाको खातामा पर्याप्त मौज्दात नभएको कारणले चेक अनादर भई फिर्ता भएमा संस्थाले नियमानुसार प्रत्येक पटक जरिवाना लगाउनेछ र खातामा पर्याप्त मौज्दात नभएको जानकारी चेक प्रस्तुतकर्ता संस्था वा व्यक्तिलाई दिन सक्नेछ । पटक पटक चेक अनादर भएमा त्यस्तो खातामा बैंकिङ्ग सुविधा कटौती गर्न वा खाता बन्द गर्न समेत सकिनेछ ।

८. ग्राहकको लिखित अनुरोधमा संस्थाले ग्राहकको खाता बन्द गर्नेछ । त्यस्तो लिखित अनुरोध गर्दा खातावालाले चेकबुक वा चेकबुकको प्रयोग नभएका पानाहरू निवेदन साथ फिर्ता गर्नु पर्नेछ, अन्यथा चेक बुक वापत थप शुल्क लाग्नेछ । खाता बन्द गर्नको लागि संस्थाले तोकिएको शुल्क लिने छ । यदि तोकिएको समयसम्म निरन्तर रूपमा खातामा शुन्य मौज्दात, नपुग मौज्दात वा संस्थाले आफ्नो दररेट भएको तालिका (Standard Tariff and Charges) अनुसार लिनु पर्ने शुल्कहरू भन्दा कम मौज्दात भएको पाइएमा संस्था आफैले आफ्नो स्वविवेकमा त्यस्तो खाता बन्द गर्न सक्नेछ ।

९. कुनै पनि प्रकारले कुनै पनि समय यी नियमहरू संशोधन गर्ने अधिकार संस्थामा सुरक्षित रहेको छ । आवश्यकता अनुसार खातावालालाई सूचना दिएर वा विना सूचना त्यस्तो संसोधन लागु हुन सक्नेछ । संस्थालाई आवश्यक ब्याज, शुल्क, कमिशन, सेवा शुल्क तथा अन्य दैदस्तुर ग्राहकको खातामा खर्च लेखी लिन पाउने अधिकार हुनेछ ।

१०. संस्थाले समय समयमा पुनरावलोकन गर्ने आफ्नो शुल्कहरुको किसिम तथा दररेट भएको तालिका (Standard Tariff and Charges) मा उल्लेख भए बमोजिम खाताका सम्बन्धमा तोकिएका शुल्कहरू लाग्नेछन् । त्यस्तो दररेट समयसमयमा संस्थाले परिवर्तन गर्न सक्नेछ । माथि उल्लिखित व्यवस्थाहरुको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सम्बन्धित खाताबाट श्रोतमा कर कट्टी गर्नु पर्ने शुल्क लगायतका अन्य कुनै रकम बिना जानकारी कट्टी गर्न सकिनेछ । नियमकारी निकाय मार्फत कुनै नयाँ प्रावधान आएमा सो प्रावधान बमोजिम हुनेछ ।

.............................................................

Authorised signature (आधिकारिक हस्ताक्षर)

११. खातामा भुलवश प्रविष्ट (Wrong Entry) हुन गएको हिसाब सच्चाई पुनः सही हिसाब प्रविष्ट (Reversed Entry) गर्ने अधिकार संस्थालाई हुनेछ । यस प्रयोजनका लागि संस्थाले ग्राहकको खाता खर्च (Debit) गर्न र ब्याजको समायोजन गर्न सक्ने छ । तर, यसरी हिसाब सच्चाउनका लागि ग्राहकको खाता खर्च गर्नुभन्दा अगाडि नै उक्त खाताको रकम झिकिएको भएमा सो रकम संस्थाले आफ्नो लेना रकम सरह ब्याज सहित फिर्ता भुक्तानी माग गर्न सक्नेछ । र खातावालाले त्यस्तो रकम ब्याज सहित फिर्ता भुक्तानी गर्नु पर्नेछ ।

१२. खातामा हुने कुनै पनि रकम कानुनी रूपमा आर्जित हुनु पर्नेछ । उक्त खातामा गरिने प्रत्येक कारोवारहरू समेत वैध हुनु पर्नेछ । खातालाई सम्पत्ति शुद्धिकरण गर्ने प्रयोजनका लागि प्रयोग गर्न पाईने छैन । यदि, गैरकानुनी रुपमा प्राप्त रकम खातामा जम्मा भएको छ भन्ने संस्थालाई शंका लागेमा वा संस्थाले सो कुराको जानकारी पाएमा उक्त खाता रोक्का राखी सम्बन्धित निकायलाई उक्त तथ्यको जानकारी गराउने अधिकार संस्थामा सुरक्षित रहनेछ । यस सम्बन्धी सम्पूर्ण दायित्व खातावालाको हुनेछ र निजले संस्थालाई यस्ता कुनै पनि दायित्वबाट मुक्त राख्नेछ ।

१३. संस्थामा रहेको ग्राहकको खातामा खातावाला बाहेक अन्य कसैले रकम जम्मा गरेमा त्यस्तो रकम खातावालाको सहमतिमा जम्मा गरेको मानिनेछ । अन्यथा हुनु पर्ने भएमा खातावालाले संस्थालाई छुट्टै निर्देशन दिनसक्नेछ । खातामा हुने कारोवारको जानकारी संक्षिप्त खबर सेवा (Short Message Service) मार्फत उपलब्ध गराउने व्यवस्था गर्न सकिने भएकोले सो सेवा आवश्यक पर्ने ग्राहकले छुट्टै फर्म भरी सेवा लिन सकिनेछ ।

१४. खातामा जम्मा हुन प्राप्त भएको रकम (नोट) वा अन्य मौद्रिक साधनमा कुनै कैफियत देखिएमा त्यस्तो रकम संस्थाले जम्मा गर्ने छैन, जम्मा गरी सकेको भएमा कैफियत देखिए बराबरको रकम घटाइनेछ र बाँकी रकममात्र संस्थाले जम्मा गर्नेछ । त्यस्तो कैफियतका सम्बन्धमा खातावाला पूर्ण रूपमा जिम्मेवार हुनुपर्नेछ ।

१५. प्रचलित कानून बमोजिम खाता सम्बन्धी गोपनीयता कायम राखिनेछ । प्रचलित कानून बमोजिम जानकारी (कागजात समेत) दिनु पर्ने निकाय/अधिकारीलाई त्यस्तो सूचना दिन सकिनेछ । साथै त्यस्तो जानकारी संस्थामा कार्यरत कर्मचारी लगायतका व्यक्तिहरू, संस्थाका सञ्चालक, सल्लाहकार, संस्थाको प्रधान कार्यालय लगायत सबै शाखाहरू, संस्थाका प्रतिनिधि (एजेन्ट) हरू, यसको कुनै सहायक कम्पनी वा सम्पर्क वा प्रतिनिधि कार्यालय, स्तर निर्धारण गर्ने कुनै निकाय, विमक वा बीमा दलाल, लेखापरीक्षक तथा संस्थासँग गोपनीयता कायम राख्ने कर्तव्य भएका अन्य कुनै व्यक्ति वा संस्थालाई उपलब्ध गराउन तथा संस्थाको नियमानुसार निक्षेप उपरको हकदावी लगायतका सार्वजनीक सूचना प्रकाशित गर्न खातावालाको सहमति रहेको मानिनेछ ।

१६. खातावाला वा निजको तर्फबाट भुक्तानी लिन आउने व्यक्तिले आफुले झिकी लिएको ट्याग लागेको वा नलागेको नगद काउण्टरमै गणना गर्नु पर्नेछ । तत्पश्चात त्यस्तो रकममा कुनै कमी वा नपुग हुन गएको वा कुनै कैफियत देखिएको भन्ने सम्बन्धमा संस्था जवाफदेही हुने छैन ।

१७. दस्तखत गर्न नसक्ने वा संस्थाको नियमानुसार तोकिएका फरक किसिमको सक्षमता भएका ग्राहकको हकमा रकम झिक्नका लागि वा कुनै किसिमको अन्य आदेशका लागि आफैं उपस्थित हुनु पर्नेछ । यसका लागि संस्थाको नियमानुसार साक्षी समेत उपस्थित गराउनु पर्नेछ । सो सम्बन्धी विस्तृत जानकारी खाता खोल्दाको समयमा नै दिइनेछ ।

१८. नावालक बालिक भईसकेको अवस्थामा नागरिकताको प्रमाणपत्र सहित बालिक भएको व्यक्ति स्वयं संरक्षक सहित उपस्थित भई दस्तखत अद्यावधिक गर्न आउनुपर्ने छ । सो गर्न नआएमा संस्थाले खातावाला र संरक्षकलाई खाता चलाउन दिनबाट बञ्चित गर्न सक्नेछ ।

१९. संयुक्त नाममा खोलिएका खाताहरूको हकमा अन्यथा लिखित सूचना दिएको अवस्थामा बाहेक संयुक्त खातावालाहरू मध्ये कसैले पनि विवादित निर्देशन जारी गरेमा संस्थालाई चित्त बुझ्ने गरी त्यस्तो विवाद समाधान नभएसम्म सम्बन्धित खाता सञ्चालनमा संस्थाले तत्कालै रोक लगाउन सक्नेछ । त्यस्तो खातामा कुनै कारणले जम्मा हुनु पर्ने रकम जम्मा हुन गई ग्राहकबाट संस्थाले फिर्ता लिनु पर्ने भएमा त्यस्तो रकम संस्थामा फिर्ता गर्ने सम्बन्धमा संस्था प्रति संयुक्त खाताका खातावालाहरू एकल एवं संयुक्त रूपमा जिम्मेवार हुनेछन् । साथै अन्यथा कुनै निर्देशन संस्थालाई दिइएको अवस्थामा बाहेक दुई वा सो भन्दा बढीको नाममा खोलिएको खाताका कुनै एक वा एकभन्दा बढी खातावालाको मृत्यु भएमा खातामा रहेको मौज्दात जीवित रहेका खातावालालाई भुक्तानी गरिनेछ ।

२०. संस्थालाई उपलब्ध गराइएको हस्ताक्षरको नमूना अनुसारकै दस्तखत संस्था समक्ष प्रस्तुत गरिने विनिमय अधिकारपत्र वा अन्य आदेशमा हुनु पर्नेछ । विनिमय अधिकारपत्रमा लेखिएको कुनै पनि अंक मिति वा अक्षर वा भाषामा केरमेट गरेकोलाई खातावाालको दस्तखतद्वारा प्रमाणित नगरिएमा संस्थाले सोको अनादर गर्न सक्नेछ । भविष्यको मिति राखिएको चेकको भुक्तानी गर्न संस्था बाध्य हुने छैन । त्यस्तो भुक्तानी हुन गएमा सोको लागि सम्बन्धित खातावाला नै जिम्मेवार हुनुपर्नेछ ।

२१. संस्थालाई कुनै पनि किसिमको शंका लागेमा आफू समक्ष प्रस्तुत भएको विनिमय अधिकारपत्र अनादर गर्न सक्नेछ ।

२२. कारोवारका लागि संस्था काउण्टरहरू सम्बन्धित शाखा/काउण्टरमा समय समयमा टाँसिने सूचनामा उल्लिखित समयावधिमा मात्र खुल्ला रहनेछन् । नगद जम्मा वा भुक्तानी संस्थाको कुनै पनि शाखाबाट गर्न सकिनेछ । यसमा संस्थाले चाहेको बेलामा कुनै शुल्क लगाउन/बढाउन सक्नेछ । प्रचलित कानून बमोजिम बाहेक संस्थामा जुन मुद्रामा खाता खोलिएको छ सोही मुद्रामा मात्र रकम जम्मा वा भुक्तानी गरिनेछ ।

२३. हड्ताल, बन्द, युद्ध, नागरिक विद्रोह वा संस्थाको काबुभन्दा बाहिरका अन्य परिस्थितिका कारण खाता सञ्चालनमा बाधा परेमा संस्था जवाफदेही हुने छैन ।

..........................................................................

Authorised signature (आधिकारिक हस्ताक्षर)

२४. खातासँग सम्बद्ध कुनै पनि खर्च आदि खातावालाले बहन गर्नु पर्नेछ । खातासम्बन्धी अन्य शुल्क/दस्तुर आदिको विवरण खाताखोल्दाकै बखत खातावालाले संस्थाबाट संकलन गर्नुपर्नेछ । उक्त विवरण तथा खाता सञ्चालन सम्बन्धी नियमहरूमा संस्थाले समय-समयमा परिवर्तन गर्न सक्नेछ । कलेक्सनमा पठाईएका चेकहरू भुक्तानी भई वा नभई थप शुल्क लाग्ने भएमा सो को भुक्तानी खातावालाले गर्नुपर्ने छ । कलेक्सनमा पठाएको चेक/ड्राफ्ट खातामा जम्मा भईसकेपछि पनि पुनः अनादर हुन सक्नेछ त्यसो भएमा ब्याजसहित रकम फिर्ता गर्न खातावाला मञ्जुर गर्दछ ।

२५. खाताको किसिम अनुरूप खाताको विशेषता एवं सुविधाहरू फरक-फरक हुन सक्नेछ ।

२६. यी शर्तबन्देजहरूमा अन्यत्र लेखिएका कुराहरूमा प्रतिकुल प्रभाव नपर्ने गरी कुनै अदालती वा प्रशासनिक वा अन्य कुनै आदेश निर्देशन पालना गर्ने सिलसिलामा संस्था स्वयम्लाई आवश्यक परेको अवस्थामा खातावालालाई सूचना नदिई संस्थाले त्यस्तो खाता बन्द गर्न, रोक्का राख्न वा खाताबाट हुने कारोबारलाई निलम्बनमा राख्न सक्नेछ ।

२७. संस्थाले निश्चित रकम भन्दा कम रकमको चेक काट्न नपाईने नियम बनाउन सक्नेछ । माग गरिएको दरमा नोटहरू वा सिक्कामा भुक्तानी गर्नुपर्ने गरी काटिएको चेकको भुक्तानी संस्थामा त्यस्तो दरको नोट वा सिक्का उपलब्ध भएसम्ममात्र गरिनेछ ।

२८. खातामा चेक जम्मा गर्दा त्यस्तो चेकबाट खिचिएको रकम प्राप्त नभएसम्म सो चेक वापतको रकम ग्राहकको खातामा जम्मा हुने छैन । यस्तो रकम प्राप्त नभई भुक्तानी गरिएमा र सो वापत भुक्तानी प्राप्त नभएमा ब्याज सहित खातावालाले फिर्ता गर्नुपर्नेछ ।

२९. संस्थाले ग्राहकलाई दिने कुनै पनि सूचना ग्राहकले खाता खोल्दा दिएको आवेदनपत्रमा उल्लिखित ठेगानामा वा संयुक्त खातामा भए कुनै एकजनाको ठेगानामा हुलाक वा कुरियर (मेल) वा अन्य माध्यमद्वारा पठाउने छ । त्यसरी पठाईएको सूचना ग्राहकले प्राप्त गरेको मानिनेछ । तसर्थ, ग्राहकले आफ्नो सम्पर्क नम्बर वा ठेगानामा कुनै परिवर्तन भएमा सोको लिखित जानकारी संस्थालाई दिनु पर्नेछ ।

३०. चेकबुक, भौचर, डेबिट, क्रेडिट कार्ड सम्बन्धी लगायत संस्थाका अन्य कागजातहरूमा रहेका शर्तबन्देजहरू सोही अनुरूप स्वीकार गरेका मानिनेछ । चेकबुक, कार्ड लगायत ग्राहकले खाता खोलेको मितिले ३० (तीस) दिनभित्रमा लगी सक्नु पर्नेछ । अन्यथा सोलाई संस्थाले नष्ट गरी आवश्यक शुल्क ग्राहकबाट असुल गरी लिने सक्नेछ ।

३१. संस्थाले माग गरेको विवरण उपलब्ध नगराउने ग्राहकसँगको सम्बन्धलाई निरन्तरता प्रदान गर्न संस्थाले अस्वीकार गर्न सक्नेछ ।

३२. संस्थालाई खातावालाले लिखित रूपमा अन्यथा निर्देशन नगरेसम्म इमेल वा फ्याक्सिमाइलबाट ग्राहकले दिने निर्देशन बमोजिम कार्य गर्न खातावालाले अख्तियारी प्रदान गरेको मानिनेछ । तर, संस्थालाई त्यस्तो निर्देशन बमोजिम कार्य गर्नै पर्ने बाध्यता भने हुने छैन ।

३३. सम्बन्धित खातासम्बन्धी विवादमा संस्थाले कानूनी लगायत अन्य कुनै पनि किसिमका खर्च व्यहोर्नू परेमा सो वापत लाग्ने खर्च खातावालाले व्यहोर्नु पर्नेछ र संस्थालाई पूर्ण क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ ।

३४. कुनै खास किसिमको खाता खोल्दा आवश्यक पर्ने अवधि उल्लिखित कागजातहरूमा उल्लिखित समयावधि नाघेपछि नविकरण गराई कागजात उपलब्ध गराउने वा खाताको प्रकृति परिवर्तन गराउने जिम्मेवार ग्राहकको हुनेछ । यस सम्बन्धमा संस्थाले ताकेता गर्न बाध्य हुनेछैन । नविकरण नगरिएका कागजातको आधारमा खाता संचालन हुन गएबाट आउने परिणाम प्रति खातावाला पूर्ण जिम्मेवार भई सोबाट संस्थालाई हुन जाने क्षतिको क्षतिपूर्ति गर्न मंजुर गर्दछ ।

३५. ग्राहक स्वयंले संस्थाबाट उपभोग गरेका वा ग्राहकले लेखिदिएको जमानत समेतको आधारमा प्रवाह भएको संस्थाको कर्जा लेना रकम वा संस्थाले उठाउनु पर्ने त्यस्तो कर्जा लगायतको अन्य कुनै पनि किसिमको बक्यौता वा दायित्व रकम संस्थाले उक्त खातामा खर्च लेखी फछ्र्यौट गर्न ग्राहकको तर्फबाट संस्थालाई अख्तियारी प्रदान गरिएकोछ । प्रस्तुत अख्तियारी अनुसार संस्थाले ग्राहकको खातामा खर्च लेखी संस्थाको लेना रकम वा दायित्व फछ्र्यौट गरेकोमा ग्राहकको तर्फबाट कुनै उजुर वाजुर गर्न पाइनेछैन ।

३६. खातावालाले संस्थालाई तिर्नुपर्ने कुनै पनि प्रकारको रकम (जस्तै कर्जा, ब्याज, शुल्क, आदि) सम्बन्धित खातामा उपलब्ध भएमा सोहि खाताबाट वा नभएमा ग्राहकको जुनसुकै प्रकारको खाताबाट पनि असुल उपर गरिने छ । सो असुल उपर (Right to Set Off) को लागि खातावालाको पूर्ण सहमति रहने छ ।

३७. खातावालाले लगातार छ महिनासम्म कारोवार नगरेमा सो खाता स्वतः निष्कृय (Dormat) खातामा परिवर्तन हुनेछ । सो पश्चात् खातामा जम्मा रकम भिक्नु परेमा संस्थाले खातावाला स्वयं उपस्थित गराउने व्यवस्था गर्न सक्नेछ ।

३८. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस खाता सम्बन्धी थप शर्त बन्देजमा ग्राहक तथा खातावाला शब्दले एकै व्यक्तिलाई जनाउँदछ ।

३९. संस्थाले माथि उल्लिखित कुनै वा सबै शर्त बन्देजहरू छुट दिन सक्नेछ । कुनै एक वा एक भन्दा धेरै शर्त बन्देजमा संस्थाले छुट दिएको कारणले अन्य शर्त बन्देजहरू छुट दिएको र संस्थाको शर्तहरू लागु गराउने अधिकार हनन् भएको मानिने छैन । मैले/हामीले खाता सञ्चालन सम्बन्धी उल्लिखित नियमहरू पढी वाँची सुनी सो नियमहरूलाई इमान्दारीपूर्वक पालना गर्न मंजुर गर्दछु/छौं । साथै संस्थाले समय समयमा म/हामीलाई पूर्व सूचना दिई वा नदिई उल्लेखित नियमहरूमा परिवर्तन वा संसोधन गरेमा सोलाई पालना गर्न समेत मंजुर गर्दछु/छौं ।

..........................................................................

Authorised signature (आधिकारिक हस्ताक्षर)